# लुम्विनी विकास बैंक लिमिटेडका एकैदिन २ शाखाहरु विस्तार

लुम्विनी विकास बैंक लिमिटेडले आफ्नो सेवा विस्तारको क्रममा स्याङजाको पुतलीवजार नगरपालिका वडा नं ३ बाङखोला तथा मोरङको वेलवारी नगरपालिका वडा नं. ७ नयां वाहुनीमा मिति २०७५/०१/२८ गते आफ्नो ६१ औं तथा ६२ औं शाखाहरु सञ्चालनमा ल्याएको छ ।

मोरङको नयां वाहुनी शाखाको नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर श्री चिन्तामणी शिवाकोटीज्यूले समुद्घाटन गर्नुभयो । उक्त समारोहमा सम्बोधन गर्दै डेपुटी गर्भनर शिवाकोटीले बैंकहरु शहरमा मात्र केन्द्रीत नभै ग्रामिण भेगमा समेत सेवा विस्तार गर्दै जानुपर्ने तथा सुशासन कायम राख्दै बैंकिङ्ग सेवालाई समय सापेक्ष प्रतिस्पर्धी बनाउनुपर्ने बताउनु भयो ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री झलक प्रसाद खनालले उपस्थित अतिथि तथा ग्राहक महानुभावहरुलाई स्वागत गर्दै बैंकवाट उपलव्ध सेवा सुविधाहरुको सम्बन्धमा स्पष्ट पार्नुभएको थियो ।

त्यस्तै स्याङजाको बाङखोला शाखाको बैंकका सञ्चालक श्री गणेशराज रेग्मी तथा पुतलीवजार नगरपालिका का.मु.मेयर महेश पुरीले संयुक्त रुपमा समुद्घाटन गर्नुभयो । उक्त समारोहलाई सम्बोधन गर्दै सञ्चालक गणेशराज रेग्मीले बैंकले ग्रामिण क्षेत्रमा स-साना परियोजनाहरुको विकासमा आर्थिक सहयोग गरी जनताको जिवनस्तर सुधारमा सक्दो सहयोग गर्ने बताउनु भयो ।

कार्यक्रमा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत श्री उमेश रेग्मीले उपस्थित अतिथि तथा ग्राहक महानुभावहरुलाई स्वागत गर्दै बैंकवाट उपलव्ध सेवा सुविधाहरुको सम्बन्धमा स्पष्ट पार्नुभएको थियो ।

बैंकको केन्द्रीय कार्यालय काठमाण्डौको डिल्लीबजारवाट संचालन भई मुलुकका विभिन्न भागमा रहेका ६२ शाखा सञ्जालहरु तथा १२ एटिएम मार्फत विभिन्न निक्षेप तथा कर्जा सुविधाका साथै VISA ATM, ABBS, SMS Banking, Mobile Banking, C-ASBA लगायतका सम्पूर्ण आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।



लुम्बिनी विकास बैंक लि.

Lumbini Bikas Bank Ltd.

निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त संस्था)